**मिति २०७८ जेष्ठ २९ गते (वि.सं.२०७८।१।२९) शनिबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ११२औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाका बासिन्दाहरुको स्वास्थ्य अवस्थाको उच्च मुल्याङ्कन गर्दै कोभिड १९ लगाएतका बिभिन्न बिपद तथा जनस्वास्थ्य संग सम्बन्धीत बिषय, खोप तथा स्वास्थ्य क्षेत्रको अनुगमन,मुल्याङ्कन तथा नियमनका लागि तपसिल बमोजिमको नगरस्तरीय स्वास्थ्य अनुगमन समिति गठन गर्ने सर्बसम्मत निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १.श्री कुमार लामीछाने (सामाजिक बिकास समितिका संयोजक) | संयोजक |
| २.श्री सूर्यबहादुर डागी(सुशासन समिति संयोजक) | सदस्य |
| ३.श्री नवराज लामीछाने -वातावरण तथा बिपद ब्यवस्थापन समति संयोजक) | सदस्य |
| ४.श्री जानका रेग्मी (न्यायीक समिति सदस्य) | सदस्य |
| ५.श्री ओमप्रकाश न्यौपाने(जनस्वास्थ्य तथा प्रवर्द्धन शाखा प्रमुख) | सदस्य सचिव |

**निर्णय नं २**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ मा बिनियोजन गरिएका आयोजना/योजनाहरु तथा हाल सम्मको वडागत तथा बिषयगत समितिको भौतिक तथा बित्तिय प्रगति समिक्षा गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमानगरपालिका वडा नं ८ वडासमितिको कार्यालयमा कार्यरत सहायकस्तर पाचौ तहका श्री लालबहादुर डागी लामो समय सम्म कार्यालयमा बिना जानकारी अनुपस्थित भएको भनि वडा नं. ८ का वडा अध्यक्ष ज्यूबाट पटक पटक बैठकमै मौखिक गुनासो आएको साथै यस कार्यालयमा अधिकृतस्त, छैठौ(आलेप अधिकृत) पुस्कररराज रिजाल पनि लामोसमय सम्म कार्यालयमा अनुपस्थित हुंदा आलेपको काम प्रभावकारी हुन नसकेको भनि लेखा समितिका संयोजकबाट कार्यपालिका बैठकमा पटक पटक मौखिक गुनासो आएकोले निजहरुलाई के कति कारणले कार्यालयमा हाजिर नभएको हो ? सोको सम्बन्धमा ७ दिन भित्र जवाफ दिने गरी स्पस्टीकरण सोधि कारवाहीको प्रकृया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृत लाई जिम्मेवारी दिने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ जेष्ठ २९ गते (वि.सं.२०७८।१।२९) शनिबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ११२औं बैठकका निर्णयहरु :**

निर्णय नं. ४

तुलसीपुर उपमहानगरपालिका ३ नं. वडा कार्यालयको मिति २०७८।२।२८ गते च.नं. ४७०५ को पत्र साथ प्राप्त मिति २०७८।२।२६ गते बसेको वडा समितिको बैठकको नि.नं. २ को सुरक्षीत आवास कार्यक्रमको लाभग्राहीहरुको नामावली संशोधन सम्बन्धी निर्णय अनमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

तुलसीपुर उपमहानगरपालिका वडा नं.बस्ने बादी रुईनी थरुनी बिपक्षी तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ का वडा अध्यक्ष श्री बेदबहादुर केसी समेत भई श्री दाङ्ग देउखुरी जिल्ला अदालतमा बिचाराधिन रहेको जग्गा खिचलो चलन चलाई पाउ भन्ने मुद्दा पुर्पक्ष गगर्नका लागि ओम शान्ति ल फर्मबाट कानुन व्यवसायीहरुले बहस पैरवी,प्रतिउत्तर र तारेख लिए वापत रु ५१,०००।(एकाउन्न हजार मात्र) रकम भुक्तानी हुन भनि वडा समितिको कार्यालय वडा नं. ८ को मिति २०७८।२।२५ च.नं. १०१४९ बाट सिफारिस भई आएकोले चालु आ.ब.को नगरस्तरीय बजेटबाट उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ६

तुलसीपुर उपमहानगरपालिका वडा नं. १० को मिति २०७८।२।२८ को च.नं. ५६१९ को पत्रबाट प्राप्त रकम र योजनाहरु रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

तुलसीपुर उपमहानगरपालिकाले सञ्चालन गरेको भूमिहिन सुकुम्बासी,भूमिहिन दलित र अव्यवस्थित बसोबासीको अनुसूचि फारामको जग्गाको मुल्याङ्कन रकम श्री उच्च अदालत तुलसीपुरको फैसला बमोजिम मुद्धा पछि भरिएको अनुसूचिको नलिने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख